नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, वैशाख २० गते, २०६७ साल (संख्या ३

भाग ३

नेपाल सरकार

स्थानीय विकास मन्त्रालयको सूचना

स्थानीय स्वायत्त शासन (चौथो संशोधन) नियमावली, २०६६

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय ।एकोले,

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरूको नाम "स्थानीय स्वायत्त शासन (चौथो संशोधन) नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४४ मा संशोधन:** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (यस पछि "मूल नियमावली" भनिएको) को नियम १४४ को उपनियम (१६) को खण्ड (क) झिकिएको छ ।

३. **मूल नियमावलीको नियम २१३क. मा संशोधन:** मूल नियमावलीको नियम २१३क.को,-

(१) उपनियम (४) झिकिएको छ ।

(२) उपनियम (६) मा रहेका "एक वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "२०६७ साल भाद्र मसान्तभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

४. **मूल नियमावलीमा नियम २१३ख., २१३ग. र २१३घ. थप:** मूल नियमावलीको नियम २१३क. पछि देहायका नियम २१३ख., २१३ग. र २१३घ. थपिएका छन् :-

"**२१३ख. नियुक्ति गर्दा समावेशी आधार लिईने:** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायको सेवालाई समावेशी बनाउन स्थानीय निकायको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार हरू बीचमा मात्र छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

(क) महिला	- तेत्तीस प्रतिशत
(ख) आदिवासी/जनजाति	- सत्ताईस प्रतिशत
(ग) मधेशी	- बाईस प्रतिशत
(घ) दलित	- नौ प्रतिशत
(ङ) अपाङ्ग	- पाँच प्रतिशत
(च) पिछडिएको क्षेत्र	- चार प्रतिशत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पष्टीकरण :

(१) यस उपनियमको प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(२) यस उपनियमको खण्ड (क), (ख), (ग) र (घ) को प्रयोजनको लागि "महिला, आदिवासी/जनजाति, मधेसी र दलित" भन्नाले आर्थिक र सामाजिक रूपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलितलाई सम्झनु पर्छ ।

(२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपनियम (१) को खण्ड (ङ) बमोजिम निर्धारित प्रतिशतको पद कुनै खास प्रकृतिको कामको लागि तोकिए बमोजिमका अपाङ्गहरू बीच मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा पूर्ति गरिनेछ ।

(३) उपनियम (१) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घाताङ्क (फ्याक्शन) आएमा त्यस्तो घाताङ्क जुन समूहको हकमा आएको हो सो भन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ ।

(४) उपनियम (१) बमोजिम छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नु पर्नेछ र त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नु पर्नेछ ।

२१३ग. नगर प्रहरी सम्बन्धी व्यवस्था: (१) नगरपालिकाले नेपाल सरकारको पूर्व स्वीकृति नलिई नगर प्रहरीको नयाँ दरबन्दी सृजना गर्न पाउने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियम प्रारम्भ हुनु अघि दरबन्दी सृजना भई कार्यरत नगर प्रहरीको सेवा, शर्त र सञ्चालन सम्बन्धमा नगर पालिकाले विनियमावली बनाई आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२१३घ. सहायकस्तर पहिलो तहका कर्मचारीद्धारा पद पूर्ति गरिने: यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय निकायको सहायकस्तर चौथो तहको पदमा खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरिने बीस प्रतिशत पदमा सो पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भई कम्तीमा पाँच वर्ष स्थायी सेवा गरेका स्थानीय निकायका सहायकस्तर पहिलो तहमा कार्यरत कर्मचारीहरू बीच प्रतिस्पर्धा गराई पूर्ति गरिनेछ ।"

५. **मूल नियमावलीको नियम २१४ मा संशोधन:** मूल नियमावलीको नियम २१४ को खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर,

(१) भूतपूर्व सैनिक वा प्रहरी नियुक्त हुने भनी तोकिएको पद वा प्राविधिक पदमा ४५ (पैंतालीस) वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(२) स्थानीय निकायको सेवाका स्थायी बहालवाला कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।"

६. **मूल नियमावलीको नियम २१६ मा संशोधन:** मूल नियमावलीको नियम २१६ को उपनियम (६) पछि देहायका उपनियम (७) र (८) थपिएका छन्:-

"(७) उपनियम (६) विपरीत कसैले स्थानीय निकायमा नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर गरी सो नियुक्तिको आदेश दिने वा नियुक्ति गर्ने अधिकारीलाई कानून बमोजिम कारबाही गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) उपनियम (६) विपरीत नियुक्ति पाएको व्यक्तिले खाएको तलब, भत्ताको रकम त्यसरी नियुक्तिको आदेश दिने वा नियुक्ति गर्ने र त्यसरी नियुक्ति हुने व्यक्तिबाट समानुपातिक रूपमा असूल गरिनेछ ।"

७. **मूल नियमावलीको नियम २१७ मा संशोधन:** मूल नियमावलीको नियम २१७ को,-

(१) उपनियम (१) पछि देह्रायका उपनियम (१क) र (१ख) थपिएका छन्:-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय निकायबाट सञ्चालन हुने नयाँ कार्यक्रम, आयोजना वा परियोजनाको लागि स्थानीय निकायमा कार्यरत कर्मचारीले नपुग्ने भएमा वा सो कामको लागि विशेष योग्यता भएका व्यक्तिको आवश्यकता परेमा र त्यस्तो जनशक्ति सम्बन्धित स्थानीय निकायमा नभएमा स्थानीय निकायले त्यसको कारण समेत खुलाई खुल्ला प्रतियोगिताद्धारा कुनै व्यक्तिलाई खास अवधिको लागि करारमा नियुक्त गर्न सक्नेछ ।

(१ख) उपनियम (१क) मा जुनसुकै कुरा लेखिएको भएतापनि करारमा नियुक्त भएको व्यक्तिलाई जुन कामको लागि नियुक्ति गरिएको हो सो काम समाप्त भएमा वा निजको काम सन्तोषजनक नभएमा स्थानीय निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।"

(२) उपनियम (२) मा रहेका "उपनियम (१) बमोजिम" भन्ने शव्दहरूको सट्टा "उपनियम (१) वा (१क) बमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) पछि देहायका उपनियम (३) र (४) थपिएका छन्:-

"(३) यस नियम बमोजिम करारमा नियुक्त भएको व्यक्तिलाई स्थानीय निकायको दरबन्दीको पदमा मिलान वा परिणत गरिने छैन ।

(४) कसैले यो नियम विपरीत कुनै व्यक्तिलाई करारमा नियुक्ति गरेमा वा स्थानीय निकायको पदमा मिलान वा परिणत गरेमा त्यस्तो कार्य बदर गरी निजलाई कारबाही गरिनेछ र सो व्यक्तिले पारिश्रमिक तथा सुविधा वापत लिएको र कम सो कार्य गर्ने व्यक्तिबाट असूल गरिनेछ ।"

८. **मूल नियमावलीको नियम २२२ मा संशोधन** : मूल नियमावलीको नियम २२२ को सट्टा देहायको नियम २२२ राखिएको छ :-

"**२२२. सरूवा गर्न सक्ने** : (१) मन्त्रालयले स्थानीय निकायको कुनै कर्मचारीलाई उपनियम (३) को अधीनमा रही अर्को स्थानीय निकायको समान पदमा सरूवा गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सरूवा गर्नु अघि मन्त्रालयले सम्बन्धित स्थानीय निकायहरूको सहमति लिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कर्मचारी सरूवा गर्दा लिइने आधार तथा मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ ।"

९. **मूल नियमावलीमा नियम २२२क. थप** : मूल नियमावलीको नियम २२२ पछि देहायको नियम २२२क. थपिएको छ:-

"**२२२क. काजमा खटाउन सकिने:** (१) मन्त्रालयले स्थानीय निकायको कुनै कर्मचारीलाई अर्को स्थानीय निकायमा काजमा खटाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम काज खटाउँदा एक वर्षमा तीन महिना भन्दा बढी अवधिको लागि काज खटाउन सकिने छैन ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. **मूल नियमावलीको नियम २२५क. मा संशोधन:** मूल नियमावलीको नियम २२५क. मा रहेका "स्थानीय निकायमा काम गर्ने कर्मचारीको" भन्ने शब्दहरू पछि "सेवा प्रवेशको" भन्ने शब्दहरू थपिएका छन् ।

११. **मूल नियमावलीमा नियम २२५ख. र २२५ग. थप:** मूल नियमावलीको नियम २२५ पछि देहायका नियम २२५ख. र २२५ग. थपिएका छन् :-

"**२२५ख.कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा गरिने बढुवा सम्बन्धी विशेष व्यवस्था:** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको तहको पदमा कम्तीमा देहाय बमोजिमको सेवा अवधि पूरा गरेका स्थानीय निकायका कर्मचारीले सेवा प्रवेश गर्दाका बखत निर्धारित आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता सेवा प्रवेश हुनुभन्दा अघि वा पछि प्राप्त गरेको भए त्यस्ता कर्मचारीलाई एक तह माथिको पदमा बढुवा गरिनेछ:-

(क) सहायकस्तर चतुर्थ तह	- दश वर्ष
(ख) सहायकस्तर पाँचौ तह	- बाह्र वर्ष
(ग) अधिकृतस्तर छैटौ तह	- सात वर्ष
(घ) अधिकृतस्तर सातौं तह	- सात वर्ष
(ङ) अधिकृतस्तर आठौं तह	- बाह्र वर्ष

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय निकायका अधिकृतस्तर सातौं तथा छैठौं तह, सहायकस्तर पाँचौं तह र सहायकस्तर चौथो तहका कर्मचारीले एउटै तहको स्थायी पदमा क्रमश:, पन्ध तेह्र, एघार वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा गरी सेवा प्रवेश गर्दाका बखत त्यस्तो पदको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको भए स्थानीय निकायको एक तह माथिको पदमा बढुवा गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) र (२) बमोजिम बढुवा हुनको लागि पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसतमा नब्बे प्रतिशत वा सोभन्दा बढी अंक प्राप्त गरेको र नियम २२७ बमोजिम तलब वृद्धि वा बढुवा रोक्का नभएको हुनु पर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिमको बढुवा नियम २१५ बमोजिमको पदपूर्ति समितिको सिफारिसमा सम्बन्धित स्थानीय निकायले गर्नेछ ।

(५) नियम २१५ बमोजिमको पदपूर्ति समितिले उपनियम (४) बमोजिम बढुवाको लागि सिफारिस गर्दा प्रत्येक वर्षको पौष महिनाभित्र एक पटक गर्नु पर्नेछ ।

(६) उपनियम (१) वा (२) बमोजिम बढुवा गर्नको लागि त्यस्तो कर्मचारी बहाल रहेको स्थानीय निकायमा सम्बन्धित सेवाको एक तह माथिको विशेष पद स्वत: सृजना हुनेछ ।

(७) उपनियम (६) बमोजिमको पदमा बढुवा भएको कर्मचारी जुनसुकै कारणले सेवाबाट अवकाश भएमा, निज माथिल्लो पदमा बढुवा भएमा वा दरबन्दीको पदमा समायोजन भएमा त्यस्तो पद स्वत: खारेज भई निज यस नियम बमोजिम बढुवा हुनु भन्दा तत्काल अगाडिको पद स्वत: कायम भएको मानिनेछ ।

(८) उपनियम (७) बमोजिम समायोजन भएको अवस्थामा बाहेक उपनियम (६) बमोजिमको विशेष पदमा बढुवा भएको स्थानीय निकायको कर्मचारीले त्यसरी बढुवा हुनु भन्दा अगाडिको पदमा बहाल रहँदा सम्पादन गरेको काम नै सम्पादन गर्नु पर्नेछ ।

(९) यस नियम बमोजिम बढुवा भएका कर्मचारीको उपनियम (७) बमोजिम समायोजन नभएसम्म अन्य स्थानीय निकायको यसै नियम बमोजिमको बढुवाद्वारा सृजना भएको विशेष दरबन्दीमा मात्र सरूवा गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२५ग. सहायकस्तर पहिलो तहको पदको स्तरबृद्धि सम्बन्धी व्यवस्था:

(१) स्थानीय निकायका सहायक स्तर पहिलो तहको पदहरूको स्तरबृद्धि देहाय बमोजिम हुनेछ :-

(क) प्रथमस्तर

(ख) द्वितीयस्तर

(ग) तृतीयस्तर

(घ) चतुर्थस्तर

(ङ) पाँचौस्तर

(२) सहायकस्तर तहको पदमा शुरू नियुक्ति हुने स्थानीय निकायको कर्मचारीको प्रथमस्तर कायम हुनेछ ।

(३) विभागीय सजाय नपाएको सहायकस्तर प्रथम तहको कर्मचारीको हकमा सम्बन्धित स्थानीय निकायले देहाय बमोजिम स्तर बृद्धि गर्नेछ :-

(क) पाँच वर्ष वा सो भन्दा बढी तर दश वर्ष भन्दा कम सेवा अवधि भएकोलाई द्वितीयस्तर,

(ख) दश वर्ष वा सो भन्दा बढी तर पन्ध्र वर्षभन्दा कम सेवा अवधि भएकोलाई तृतीयस्तर,

(ग) पन्ध्र वर्ष वा सो भन्दा बढी तर बीस वर्षभन्दा कम सेवा अवधि भएकोलाई चतुर्थस्तर,

(घ) बीस वर्ष वा सो भन्दा बढी सेवा अवधि भएकोलाई पाँचौस्तर ।"

१२. **मूल नियमावलीमा नियम २३७क. थप:** मूल नियमावलीको नियम २३७ पछि देहायको नियम २३७क. थपिएको छ:-

"२३७क. **सजायको अभिलेख राख्ने:** (१) स्थानीय निकायको कर्मचारीलाई दिइएको सजायको अभिलेख सम्बन्धित स्थानीय निकायले राख्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम राखिएको अभिलेखलाई देहायको अवधिभर विभागीय प्रमुख वा महाशाखा प्रमुखमा पदस्थापन वा कायम मुकायम मुकरर गर्दा, कुनै पनि निकायको प्रमुखको पदमा जिम्मेवारी दिंदा, कार्य सम्पादन मूल्याङ्कन गर्दा, पुरस्कार वा विभूषण प्रदान गर्दा, अध्ययन वा तालिमको लागि मनोनयन गर्दा, स्तरबृद्धि गर्दा वा अन्य कुनै किसिमको अवसर प्रदान गर्दा देहायका कुराहरूलाई समेत आधार लिनु पर्नेछ :-

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधिभर,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का अवधिभर ।

(३) उपनियम (१) बमोजिम राखिएको सजायको अभिलेखको जानकारी सम्बन्धित कर्मचारी अर्को स्थानीय निकायमा काज वा सरूवा भई जाँदाको अवस्थामा त्यस्तो निकायलाई समेत दिनु पर्नेछ ।"

१३. **मूल नियमावलीमा नियम २४४क.र २४४ख. थप:** मूल नियमावलीको नियम २४४ पछि देहायका नियम २४४क. र २४४ख. थपिएका छन् :-

"२४४क.**प्रसूति स्याहार बिदा:** (१) स्थानीय निकायका कुनै पुरूष कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन सक्नेछ ।

(२) प्रसूति स्याहार बिदामा बस्ने स्थानीय निकायका कर्मचारीले पूरा तलब पाउनेछ ।

(३) प्रसूति स्याहार बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) स्थानीय निकायका कर्मचारीले प्रसूति स्याहार बिदा लिएको मितिले पैंतीस दिनभित्रमा बच्चाको जन्म दर्ता प्रमाणपत्र आफू कार्यरत स्थानीय निकायमा पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको अवधिभित्र त्यस्तो प्रमाणपत्र पेश गर्न नसक्ने स्थानीय निकायका कर्मचारीको त्यस्तो बिदाको अवधि निजले पाउने अन्य बिदाबाट कट्टा गरिनेछ ।

(६) प्रसूति स्याहार बिदाको अभिलेख सम्बन्धित स्थानीय निकायले अद्यावधिक गरी राख्नु पर्नेछ ।

२४४ख. **शिशु स्याहार भत्ता:** स्थानीय निकायले प्रसूति विदा वा प्रसूति स्याहार विदा पाएका स्थानीय निकायका कर्मचारीलाई बढीमा दुईबटा बच्चाको स्याहारको लागि पाँचहजार रूपैंयाका दरले शिशु स्याहार भत्ता उपलब्ध गराउन सक्नेछ । "

१४. **मूल नियमावलीको नियम २५० मा संशोधन:** मूल नियमावलीको नियम २५० को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ:-

"(घ१) प्रसूति स्याहार बिदा -सचिव"

१५. **मूल नियमावलीको नियम २५७ मा संशोधन:** मूल नियमावलीको नियम २५७ को सट्टा देहायको नियम २५७ राखिएकोछ:-

"२५७ **तलब तथा भत्ता:** (१) स्थानीय निकायले सो निकायका कर्मचारीको पारिश्रमिक, भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा नेपाल सरकारका निजामती कर्मचारीले पाउने तलब, भत्ता तथा सुविधालाई आधार मानी आफ्नो आम्दानी तथा खर्चको सीमाभित्र रही निर्धारण गर्नु पर्नेछ ।

(२) स्थानीय निकायले आफ्नो कर्मचारीहरूको वार्षिक तलबी प्रतिवेदन सम्बन्धित परिषद्बाट पारित गराउनु पर्नेछ ।

(३) कुनै पनि स्थानीय निकायले उपनियम (२) बमोजिम तलबी प्रतिवेदन पारित नगराई तलब भत्तामा खर्च लेख्न पाउने छैन ।

* आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (२) विपरीत कुनै स्थानीय निकायले तलब, भत्तामा खर्च लेखेमा सो निकायका प्रमुख पदाधिकारीबाट त्यसरी तलब भत्तामा भएको खर्च असूल उपर गरिनेछ ।"

१६. **मूल नियमावलीको नियम २६३ मा संशोधन :** मूल नियमावलीको नियम २६३ को सट्टा देहायको नियम २६३ राखिएको छ :-

"२६३. **चाडपर्व खर्च सम्बन्धी व्यवस्था:** (१) स्थानीय निकायका कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ । यस्तो रकम कर्मचारीले एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम स्थानीय निकायका कर्मचारीले पाउने चाडपर्व खर्च प्रत्येक वर्ष निजले चाडपर्व खर्च लिन चाहेको मुख्य चाडपर्वको पन्ध्र दिन अगावै पाउनेछ । यसरी चाडपर्व खर्च दिँदा उक्त चाडपर्व भन्दा अघिल्लो महिना भुक्तान भई नसकेको भएतापनि अघिल्लो महिनाको तलव समेत खर्च लेखी भुक्तानी दिइनेछ ।

(३) यो नियम प्रारम्भ हुँदाका वखत सेवामा बहाल रहेका स्थानीय निकायका कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले तथा यो नियम प्रारम्भ भए पछि नियुक्त हुने कर्मचारीले हाजिर भएको मितिले तीन महिनाभित्र आफूले चाडपर्व खर्च लिने मुख्य चाडपर्व र सो चाडपर्व पर्ने सम्भावित महिनाको सम्बन्धमा सम्बन्धित स्थानीय निकायमा लिखित रूपमा जानकारी दिनु पर्नेछ । यसरी निवेदन दिई सके पछि सो कर्मचारीले आफ्नो सेवा अवधिभर अर्को चाडपर्वमा खर्च माग गर्न पाउने छैन ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. मूल नियमावलीको नियम २६४ मा संशोधन: मूल नियमावलीको नियम २६४ को खण्ड (प) पछि देहायका खण्ड ((फ), (ब), (भ), (म), (य),(र), (ल) र (व) थपिएका छन् :-

"(फ) कसैलाई यातना दिन वा यौनजन्य दुर्व्यवहार र घरेलु हिंसा सम्बन्धी कार्य गर्न नहुने ।

(ब) आफ्नो कार्यालयमा काम गर्दा सबैप्रति शिष्ट व्यवहार गर्नु पर्ने ।

(भ) आफ्नो कार्यालयमा पद अनुसार आई पर्ने जिम्मेवारीलाई मर्यादापूर्वक वहन गरी निष्पक्ष, स्वच्छ तथा छिटो छरितो ढङ्गबाट कार्य सम्पादन गर्नु पर्ने ।

(म) सरकारी वा स्थानीय निकायको कुनै पनि सम्पत्ति आफ्नो वा अरू कसैको निजी वा घरायसी कार्यको लागि प्रयोग वा उपयोग गर्न नहुने ।

(य) स्थानीय निकायका कर्मचारीलाई आफ्नो घरायसी काममा लगाउनु नहुने ।

(र) आफ्नो कामसँग सम्बन्धित सेवाग्राही प्रति मर्यादित व्यवहार गर्नु पर्ने ।

(ल) स्थानीय निकाय वा नेपाल सरकारले तोकेको अत्यावश्यक सेवा प्रवाहमा बाधा व्यवधान खडा गर्न वा स्थानीय निकायबाट प्रदान गरिने सेवा सुविधामा प्रतिकुल असर पर्ने गरी प्रदर्शन गर्न, हडतालमा भाग लिन, तालाबन्दी गर्न वा सो कार्य गर्ने उद्देश्यले अरूलाई उक्साउन वा कुनै पनि कार्यालय वा अधिकृतको कानूनद्धारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा बिरोध हुने गरी हडताल, थुनछेक, तालाबन्दी वा घेराउ गर्न नहुने ।

(व) सेवाग्राहीको कामसंग सम्बन्धित विषय, प्रतिक्रिया तथा काम सम्पादन गर्न लाग्ने समय समेतको स्पष्ट जानकारी सेवाग्राहीलाई यथासमयमा गराउनु पर्ने ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. मूल नियमावलीमा नियम २६४क.,२६४ख.र २६४ग थप: मूल नियमावलीको नियम २६४ पछि देहायका नियम २६४क., २६४ख. र २६४ग थपिएका छन्:-

"२६४क. ट्रेड युनियन सम्बन्धी व्यवस्था: (१) स्थानीय निकायका कर्मचारीहरूले प्रचलित कानूनको अधीनमा रही ट्रेड युनियन गठन गर्न सक्ने छन् ।

(२) ट्रेड युनियनका पदाधिकारीहरूले पालना गर्नुपर्ने शर्तहरू निजामती कर्मचारीका हकमा लागू भए सरह हुनेछ ।

(३) ट्रेड युनियनका पदाधिकारीहरूले पाउने सुविधा मन्त्रालयले तोके बमोजिम हुनेछ ।

२६४ख. बीमा सम्बन्धी व्यवस्था: स्थानीय निकायले स्थानीय निकायका कर्मचारी र सो निकायबाट समान रकम व्यहोर्ने गरी विनियमावलीद्वारा बीमा सम्बन्धी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२६४ग. विशेष आर्थिक सुविधा : (१) स्थानीय निकायका कुनै कर्मचारीको सेवामा छदै मृत्यू भएमा स्थानीय निकायले निजको परिवारलाई एकमुष्ठ एकलाख पचास हजार रूपैया उपलव्ध गराउन सक्नेछ ।

(२) स्थानीय निकायको कामको सिलसिलामा कुनै कर्मचारीको अंगभंग भएमा अंगभंगको प्रकृति हेरी स्थानीय निकायले निजलाई थप आर्थिक सहायता दिन सक्नेछ ।"

१९. मूल नियमावलीमा नियम २६९ख..थप: मूल नियमावलीको नियम २६९क. पछि देहायको नियम २६९ख. थपिएको छ:-

"२६९ख. तह मिलान गरिने: (१) स्थानीय निकायको अधिकृत तृतीय वा द्वितीय श्रेणीको पदमा स्थायी नियुक्ति भएको कुनै कर्मचारीको तह मिलान हुन बाँकी रहेको भएमा त्यस्ता कर्मचारीलाई क्रमश: अधिकृतस्तर छैठौं र आठौं तहमा कायम गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) स्थानीय निकायको नायब सुब्बा वा सो सरह र खरिदार वा सो सरहको पदमा स्थायी नियुक्ति भएको कुनै कर्मचारीको तह मिलान हुन बाँकी रहेको भएमा त्यस्तो कर्मचारीलाई क्रमशः सहायकस्तर पाँचौं र चौथो तहमा कायम गरिनेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम तह मिलान सम्बन्धी काम यो नियम प्रारम्भ भएको मितिले छ महिनाभित्र गरिनेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम तह मिलान हुनु अघि सो श्रेणी वा पदमा गरेको सेवा अवधि बढुवा प्रयोजनको लागि गणना हुनेछ ।"

आज्ञाले,

श्यामप्रसाद मैनाली

नेपाल सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।